# युवा विकास केन्द्र

भूमे गाउँपालिका रुकुम (पूर्व)

लुम्बिनी प्रदेश, नेपाल

## पलम्विङ(Plumbing) तालिममा सहभागी हुन ईच्छुकले आवेदन पेश गर्ने सम्वन्धी सूचना

**सूचना प्रकाशन मितिः २०७८/०७/०७**

चालू आ.व. २०७८/०७९ मा स्वीकृत बार्षिक यूवा लक्षित कार्यक्रम अन्तर्गत युवा विकास केन्द्रले मेकानिक वर्कसप तालिम अन्तर्गत पलम्विङ(Plumbing) तालिममा ईच्छुक युवाहरुलाई सहभागी गराउँन लागिरहेकोले सहभागी हुन चाहने युवाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र)दिनभित्र (२०७८/७/२१ भित्र) तपसीलको स्थानमा तोकिएको ढाँचामा निवेदन दर्ता गर्न हुन यो सूचना मार्फत आव्हान गरिएको छ।

शर्त तथा प्रक्रिया :

१. न्यूनतम योग्यता: नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा आधारभूत तह उत्तिर्ण गरेको शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ संलग्न गरि पेश हुनुपर्ने र सहभागी हुनेको उमेर १६ देखि ४० वर्ष भित्रको हुनुपर्नेछ।
२. छनौट प्रकियाः सहभागिको छनौट विधी अन्तवार्ता हुने छ। अन्तवार्ता मितिः २०७८।०७।२२ गते विहान ११ बजे भूमे गाउँपालिका कार्यालयमा सञ्चालन हुने छ। बढीमा ५ जना सिफारिस र ३ जना सम्म वैकल्पिक सहभागि छनौट गरिने छ । सिफारिस सहभागि नभएमा वैकल्पिकलाई पठाइनेछ।
३. तालिम सञ्चालन हुने स्थान र अवधिः CTEVT बाट मान्यता प्राप्त काठ्मान्डौंको संस्था/कलेजमा गराइने छ। मिति २०७८ मङ्सिर १ गते देखि २०७९ बैशाख मसान्तसम्म (६ महिना) सञ्चालन हुनेछ।
४. आवेदन पेश गर्ने अन्तिम मिति र स्थानः २०७८।०७।२१ भित्र आवेदन पेश गर्नुपर्ने छ। आवेदन भूमे गाउँपालिकाको कार्यालय युवा विकास केन्द्र तथा सम्बन्धित वडाहरुमा दिन सकिनेछ।
५. कार्यक्रमबाट ५ जनालाई आतेजाते खर्च, तालिम शुल्क तथा होस्टेल खर्च पूर्णरुपमा व्यहोरिनेछ।
६. निवेदन यसै साथ संलग्न वा www.bhumemun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

# तालिममा सहभागी हुनका लागि दिईने निवेदनको ढाँचा

मिति:-

श्री अध्यक्ष ज्यू,

भूमे यूवा विकास केन्द्र खावाङबगर,रुकुम (पूर्व) ।

विषय: तालिममा सहभागी हुन पाउँ।

उपर्युक्त सम्बन्धमा तहाँ कार्यलयले प्रकाशन गरेको मिति २०७८/...../.... गते प्रकाशित सूचनामा उल्लेख भएको पलम्बिङ तालिममा सहभागी हुनका लागि तपशिल अनुसारको विवरण तथा कागजातहरु संलग्न गरी यो निवेदन पेश गर्दछु।

निवेदन साथ पेश गरेका कागजातहरु;-

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि (कम्तिमा कक्षा ८ पासको प्रमाणपत्र हुनुपर्ने छ ।)

जन्म मिति : २०...../....../....... ( नागरिकता प्रमाणपत्र वा जन्म दर्ता प्रमाणपत्रमा उल्लेखित)

निवेदक

दस्ताखत:................

नामथर:..................

निवेदको ठेगाना:

स्थायी जिल्ला...................गा.पा. ..............वडा नं. .............टोल ..........

अस्थायी जिल्ला ............. गा.पा. ............ वडा नं........टोल ........

सम्पर्क नं.............................इमेल ...................................